नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त


# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An Undertaking of Government of Nepal)


पत्र संख्या : ०७९/८०
चलानी नं. : १८३४

मिति: २०८०/०१/२१

श्री राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड (RULB)
बनेपा, काभ्रेपलाञ्चोक ।

**विषय : सचेत गराउदै धितोपत्रको कारोबार फुकुवा गरिएको सम्वन्धमा ।**

उपरोक्त सम्बन्धमा राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८०/०१/२०, च.नं.१४७/०७९/८० पत्र, मिति २०८०/०१/२०, नेप्से द.नं. ५१९६ मा प्राप्त भई व्यहोरा अवगत भयो । त्यस कम्पनीले आ.व. २०७८/०७९ को लाभांश घोषणा सम्बन्धी निर्णय मिति २०८०/०१/१३ मा वेलुकी ६:०० बजे सञ्चालक समितिको बैठक बसी गरेको तर नेप्सेमा सोको जानकारी मिति २०८०/०१/१९ गते कारोबार समयमा (बिहान ११:४८ बजे) पठाएकोले सो कम्पनीलाई नेप्सेले चित्त वुझ्दो कारण सहितको स्पष्टिकरण ३ दिन भित्र पेस गर्न निर्देशन दिएको थियो । सोही बमोजिम त्यस कम्पनीले २०८०/०१/२० गते नेप्से समक्ष सुचना प्रवाह सम्वन्धि गलत वुझाईका कारण समयमा जानकारी गराउन नसकिएकाले सो त्रुटीको क्षमायाचना सहित आगामी दिनमा यस्तो गल्ती नदोहोराउने प्रतिबद्धता पत्र मार्फत व्यक्त गरेकोले उक्त कम्पनीलाई धितोपत्र सूचीकरण विनियमावली, २०७५ र सूचीकरण सम्बन्धी सम्झौताका शर्तहरुको पूर्ण पालना गर्न सचेत गराउँदै रोक्का रहेको धितोपत्रको कारोबार मिति २०८०/०१/२१ गतेको निर्णयानुसार फुकुवा गरिएको व्यहोरा अनुरोध छ ।

**बोधार्थ :**

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री नेपाल राष्ट्र बैंक, बैक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाडौं ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं ।
श्रीमान् प्रमुख कार्यकारी अधिकृतज्यूको सचिवालय, नेप्से ।
श्री प्रणाली सञ्चालन शाखा -आ.का.गर्नु हुन, नेप्से ।

भवदीय,

सरिता पाण्डेय
सहायक प्रवन्धक
सूचीकरण शाखा


पो. ब. नं. १५५०, युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल
(P. O. Box 1550, UNI Shantimarg, Bhadrakali, Kathmandu, Nepal)
Tel.: 4250755–59, 4250734–35 Fax: 4262538/Toll Free No. : 16600125025